२०७८/०८/१५

प्रस्ताव नं. १
गत बैठकको निर्णय पुनरावलोकन सम्बन्धमा ।

निर्णय नं. १
आजको यस नगरकार्यपालिकाको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. १ उपर छलफल गर्दा यसअघि मिति २०७८/०७/१८ मा बसेको कार्यपालिका बैठकका निर्णयहरुको पुनरावलोकन तथा सो उपर छलफल गरियो ।

प्रस्ताव नं.२
सहकारी संस्थाहरु दर्ता तथा कार्यक्षेत्र विस्तार सम्वन्धमा ।

निर्णय नं. २
आजको यस नगरकार्यपालिकाको कार्यसूचिमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. २ उपर छलफल गर्दा सहकारी संस्था दर्ताको लागि आवश्यक प्रकिया पूरा भएका तपसिलका सहकारी संस्थाहरुको दर्ता तथा कार्यक्षेत्र विस्तार गर्ने निर्णय पारित गरियो ।

तपसिल
१) माँ राजदेवी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड,वडा नं.०५ (दर्ता)
२) पन्चधुरा बहुउद्देश्यीय कृषि सहकारी संस्था लि. , वडा नं.०१ (दर्ता)
३) धनलक्ष्मी वित्तीय सहकारी सस्था लि , वडा नं.०५ ( १२ वटै वडाहरुमा कार्यक्षेत्र विस्तार)

प्रस्ताव नं.३
पुरानो भवन अभिलेखीकरण सम्वन्धमा ।

निर्णय नं. ३
आजको यस नगरकार्यपालिकाको कार्यसूचिमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. ३ उपर छलफल गर्दा गौशाला नगरपालिका अन्तर्गत रहेका पुराना भवनहरुको तपसिल बमोजिमका शर्तहरु बमोजिम अभिलेखीकरण गरी तथ्याङ्क अद्यावधिक गरी राख्ने निर्णय गरियो ।

तपसिल
क) सूचना भएको मितिदेखि ३ महिना भित्रमा दर्ता गराईसक्नुपर्ने ।
ख) कम्तीमा ९/९ इन्च सम्म पिलरको साइज भएको हुनुपर्ने ।
ग) पिलर नभएको गाह्रो मात्र भएकोको हकमा बाहिरी गाह्रो ९ इन्च सम्म भएको हुनुपर्ने ।
घ) गाह्रो मात्र भएको तर घरको हकमा भुई तल्ला र पहिलो तल्ला गरी जम्मा २ तल्लासम्म मात्र भएको हुनुपर्ने ।
ङ) यो सूचना अन्तिम पटकको लागि मात्र रहेको व्यहोरा जानकारी गराइन्छ र यसपश्चात् भवन अभिलेखीकरण कार्य गरिने छैन ।

ललीत बेचनी

कलावै

प्रस्ताव नं.४

राष्ट्रिय योजना आयोगमा प्रस्तावना पठाउने सम्वन्धमा ।

निर्णय नं. ४

आजको यस नगरकार्यपालिकाको कार्यसूचिमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. ४ उपर छलफल गर्दा आ. व. २०७८/०७९ को लागि संघीय, समपुरक र विशेष अनुदानका लागि तपसिलका २ आयोजनाहरुको प्रस्ताव राष्ट्रिय योजना आयोगमा पेश गर्ने निर्णय गरियो ।

तपसिल

क) कृषि उपज भण्डारण केन्द्र (गौशाला वडा नं. ०५) - विशेष अनुदानतर्फ ।

ख) श्री मा. वि. भेडियाही, फुलकाहा (गौशाला वडा नं. ०६) विद्यालय भवन निर्माण तथा कम्पाउण्ड वाल निर्माण - समपूरक अनुदानतर्फ ।

प्रस्ताव नं.५

खेल पूर्वाधार निर्माणको लागि आवेदन पेश गर्ने सम्वन्धमा ।

निर्णय नं. ५

आजको यस नगरकार्यपालिकाको कार्यसूचिमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. ५ उपर छलफल गर्दा युवा तथा खेलकुद मन्त्रालयबाट आवेदन पेश गर्न प्रकाशित सूचना बमोजिम खेल पूर्वाधार निर्माणको लागि गौशाला नगरपालिका वडा नं. ०९ को विसहरपुरमा निर्माणको लागि स्थान छनौट गर्ने र नगरपालिका तहबाट ६० प्रतिशत रकम व्योहोर्ने प्रतिबद्धता जनाउने निर्णय गरियो ।

प्रस्ताव नं. ६

प्रदेश समपुरक र विशेष अनुदान सम्वन्धमा ।

निर्णय नं. ६

आजको यस नगरकार्यपालिकाको कार्यसूचिमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. ६ उपर छलफल गर्दा आ. व. २०७८/०७९ का लागि प्रदेश समपुरक र विशेष अनुदानतर्फ तपसिलका आयोजनाहरु छनौट गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने निर्णय गरियो ।

तपसिल

१) बडेरबा रामनगर जोडने सडकमा, भण्टाबारी पुल निर्माण (वडा नं. ८) - विशेष अनुदानतर्फ ।

२) विद्यालय भवन निर्माण (राष्ट्रिय जनता आधारभूत विद्यालय, विश्वकर्मा टोल, वडा नं. १०) - समपुरक अनुदानतर्फ ।

प्रस्ताव नं.७

जग्गा प्राप्ति सम्वन्धमा ।

निर्णय नं. ७

आजको यस नगरकार्यपालिकाको कार्यसूचिमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. ७ उपर छलफल गर्दा जिल्ला महोत्तरी गौशाला नगरपालिका वडा नं. ९ भरतपुर बस्ने श्री सावित्रा देवी

बरालको नाममा दर्ता कायम रहेको साविक भरतपुर वडा नं. ३ ख, कित्ता नं. ८८४, क्षेत्रफल ०-१-० ( एक कठ्ठा) आधारभूत स्वास्थ्य केन्द्र भरतपुरदेखि उत्तरको जग्गा वडा कार्यालय भवन निर्माणको लागि निःशुल्क उपलब्ध गराउन मञ्जुरीनामा दिनुभएकोले ०९ नं. वडा कार्यालय/गौशाला नगरपालिकाको नाममा रजिष्ट्री दर्ताका लागि प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ८**
**मालपोत तथा नापी कार्यालय स्थापना सम्बन्धमा ।**

**निर्णय नं. ८**

आजको यस नगरकार्यपालिकाको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस नगरपालिकाले हाल मालपोत कार्यालय, जलेश्वर र नापी कार्यालय, जलेश्वरबाट आम नागरिकले लिईरहेको सेवालाई सरल, सहज र जनताको पहुँचयोग्य बनाउन आवश्यक भएकोले गौशाला नगरपालिका र छिमेकी नगरपालिका र गाउँपालिका समेतलाई सेवा क्षेत्र निर्धारण गरी गौशाला नगरपालिकाभित्र मालपोत र नापी कार्यालय स्थापनाको लागि श्री भूमी व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।